# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १६ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनार्जी चार दिवसीय उत्तर बङ्गाल भ्रमणमा आज दिउसो सिलगडी आइपुग्नु भयो I

- दार्जीलिङ जिल्ला भाजपाले देशको सुरक्षाका लागि समर्पित सैनिकहरूप्रति सम्मान प्रकट गर्दै एक शान्तिपूर्ण र्‍याली आयोजना गर्‍यो।

- पश्चिम बंगाल पुलिसको सशस्त्र बलमा कार्यरत सिपाही लक्ष्मीकान्त मण्डलले आज सगरमाथाको सफलता पूर्वक आरोहण गरेर इतिहास रचेका छन्।

- कालेबुङको बिहिबारे गोर्खे हाटले आफ्नो दोस्रो स्थापना दिवस हिज एक विशेष कार्यक्रमबीच सम्पन्न गरेको छ।

- मौसम विभागले आगामी दिनहरूमा दक्षिण बंगालका सबै जिल्लाहरूमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको जनाएको छ।

**मुख्यमन्त्री उत्तर बङ्गाल**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनार्जी चार दिवसीय उत्तर बङ्गाल भ्रमणमा आज दिउसो सिलगडी आइपुग्नु भयो I उहालाई आज अपराह्न बाघडोग्रा विमानस्थलमा सिलगडीका मेयर गौतम देव, टीएमसी दार्जीलिंग जिल्ला चियरमेन एल.बी. राई, जिल्ला अध्यक्ष शान्त छेत्री लगायत त्रिनमूल कार्यकर्ताहिरुले भब्यताको साथमा स्वागत जनाए I त्यसपछि मुख्यमन्त्री सडक मार्ग भएर सिलगडी आउनु भयो भने उहाले दिनबन्धु मन्चमा उत्तर बङ्गाल वाणिज्य सम्मेलनलाई सम्बोधन पनि गर्नु भयो I मुख्यमन्त्री ममता ब्यानर्जी आज उत्तरकन्या बस्नु हुनेछ I उहाले भोली फूलबारीको भिडीयोकन मैदानमा आयोजित सरकारी कार्यक्रमको मन्चबाट लाभार्थीहरुलाई विभिन्न शहुलियतहरु प्रदान गर्नु हुनेछ I यसरी नै आगामी बुधबार उहाले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अनि उत्तर बङ्गालको आठवटा जिल्लाका प्रशासकहरुसंग बैठक गनु हुनेछ I

**भाजपा – दार्जीलिंग**

दार्जीलिङ जिल्ला भारतीय जनता पार्टीद्वारा देशको सुरक्षार्थ समर्पित सैनिकहरूप्रति सम्मान प्रकट गर्दै एक शान्तिपूर्ण र्‍याली आयोजना गर्‍यो। र्‍याली दार्जीलिङ रेलवे स्टेशनबाट शुरु भएर चौरस्तामा समापन भएको थियो। यो र्‍याली आतङ्कवादी आक्रमणको जवाफ स्वरूप सुरक्षाबलद्वारा सञ्चालन गरिएको 'अप्रेशन सिन्दूर'- मा सहभागी सम्पूर्ण वीर सैनिकप्रति श्रद्धा, समर्थन र ऐक्यवद्धताको अभिव्यक्ति स्वरूप गरिएको जिल्ला भाजपा अध्यक्ष कल्याण देवानले जानकारी दिनु भएको छ। र्‍यालीमा जिल्ला समितिका पदाधिकारीहरू, कार्यकर्ताहरू तथा स्थानीय नागरिकहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले राष्ट्रिय झण्डा लिएर देशभक्तिपूर्ण नारा लगाएका थिए भने शहीद सैनिकहरूलाई श्रद्धाञ्जलि अर्पण गरेका थिए। दार्जिलिङ जिल्ला समितिका अध्यक्ष कल्याण देवानले देशको सुरक्षाका निम्ति ज्यान अर्पण गर्ने वीर सैनिकहरूप्रति सम्मान प्रकट गर्नु प्रत्येक नागरिकको कर्तव्य रहेको बताउनु हुदै आगामी दिनहरूमा पनि भाजपाले सदैव राष्ट्रहितमा जनस्तरबाट समर्थन जनाइरहने प्रतिबद्धता व्यक्त गर्नु भयो।

**अभिषेक ब्यनार्जी**

पहलगाम आतंकवादी हमलापछि अन्तर्राष्ट्रिय मञ्चमा पाकिस्तान विरुद्ध प्रमाण प्रस्तुत गर्न केन्द्र सरकारले गठन गरेको सर्वदलीय प्रतिनिधिमण्डलमा तृणमूल सांसद तथा पूर्व क्रिकेटर युसुफ पठानको नाम समावेश गरिएको थियो। तथापी तृणमूल कांग्रेसले युसुफ पठान प्रतिनिधिमण्डलमा सामेल नहुने स्पष्ट पार्दै पार्टीले उनको नाम फिर्ता लिएको छ। यसैबीच सांसद तथा तृणमूल कांग्रेसका महासचिव अभिषेक ब्यानर्जीले सर्वदलीय प्रतिनिधिमण्डलमा कुन प्रतिनिधि जाने भन्ने निर्णय पार्टीले मात्र गर्ने बताउनु भएको छ । उहाले भन्नु भयो, हाम्रो प्रतिनिधिको नाम तय गर्ने अधिकार भाजपालाई छैन। उहाले सर्वदलीय प्रतिनिधिमण्डलमा युसुफ पठानको नाम समावेश गर्नु अघि केन्द्र सरकारले आफुहरुसँग कुरा गर्नु पर्ने बताउनु भयो ।

**मुख्यमन्त्री – लक्ष्मीकान्त बधाई**

पश्चिम बंगाल पुलिसको सशस्त्र बलमा कार्यरत सिपाही लक्ष्मीकान्त मण्डलले आज बिहान लगभग आठ बजेर ३० मिनटमा विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गरेर इतिहास रचेका छन्। उनको यो उपलब्धिमा मुख्यमन्त्री ममता बनर्जीले उनलाई बधाई दिनु भएको छ । मुख्यमंत्रीले सामाजिक संजालमा पोस्ट गर्नु हुदै भन्नु भयो, "आज बिहान लगभग ८ बजेर ३० मिनटमा सफलतापूर्वक सगरमाथा आरोहण गर्ने पश्चिम बंगाल पुलिसको सशस्त्र बलका सदस्य लक्ष्मीकान्त मण्डललाई मेरो हार्दिक बधाई।" यस उपलब्धिलाई साहस र दृढ संकल्पको प्रतीकको रूपमा वर्णन गर्नु हुदै मुख्यमन्त्रीले भन्नुभयो, "यो उपलब्धिले हाम्रो पुलिस बलको पहिचान रहेको लडाकु भावना र बलियो इच्छा शक्तिलाई प्रतिबिम्बित गर्दछ।" उहाले लक्ष्मीकान्त मण्डल हाल निजी सुरक्षा अधिकारीको रूपमा कार्यरत रहेको पनि उल्लेख गर्नु भयो । यसका साथै मुख्यमन्त्रीले ममता ब्यनार्जीले लक्ष्मीकान्त मण्डलप्रति सुरक्षित घर फर्किने साथै भविष्यका सबै प्रयासहरूमा सफलताको कामना गर्नु भएको छ

**कालेबुङ-गोर्खे हाट**

कालेबुङको बिहिबारे गोर्खे हाटले आफ्नो दोस्रो स्थापना दिवस हिज एक विशेष कार्यक्रमबीच सम्पन्न गरेको छ। दुई वर्ष अघि १८ मईको दिनदेखि नै कालेबुङको बिहिबारे गोर्खे हाट शुरु गरिएको कारण सोही मितिलाई बिहीबारे गोर्खे हाटको स्थापना दिवसको रूपमा पालन गर्दै आएको आयोजक समितिले जनाएको छ I स्थानीय वर्सिप सेन्टरमा आयोजित कार्यक्रमको प्रमुख अतिथि कालेबुङका विधायक रूदेन सादा लेप्चा हुनुहुन्थ्यो भने विशिष्ट अतिथिको रूपमा कालेबुङ नगर प्रशासक रवि प्रधान, सभासद विकास राई, सभासद हेमन्त थुलुङ राईलगायत अन्यको उपस्थिति रहेको थियो। कार्यक्रममा स्थानीय कलाकारहरूले विविध सांस्कृतिक प्रस्तुतिहरू गरेका थिए । कार्यक्रममा संगठनका अध्यक्ष फानु सादा लेप्चाले गोर्खे हाटको स्थापनाको मूल उद्देश्य, युवाहरूलाई यस हाटमा संलग्न गराउनु पर्ने आवश्यकता तथा यसको सम्भावित लाभहरूको बारेमा स्पष्ट रूपमा धारणा व्यक्त गर्नु भयो । उहाले हाटले युवाहरूमा स्वरोजगारको सम्भावना थप्ने, स्थानीय उत्पादनलाई बजार दिने र सामाजिक तथा आर्थिक सम्बन्ध बलियो बनाउने दिशामा अग्रसर भएको उल्लेख गर्नु भयो । स्थापना दिवसको अवसरमा व्यापारी वर्गको उल्लेखनीय उपस्थिति देखिएको थियो, जसले हाटको सामाजिक र व्यावसायिक प्रभावलाई झल्काएको थियो।

**उच्च अदालत – सुनवाई**

कलकत्ता उच्च अदालतले आज नोकरीबाट निस्काशित गरिएपछि विगत १३ दिनदेखि विकास भवन अघि धर्नामा बसिरहेका 'योग्य' शिक्षकहरूको आन्दोलन विरुद्ध दायर गरिएको याचिकामा टिप्पणी गर्दै तत्काल सुनुवाइको मागलाई अस्वीकार गरेको छ । यद्यपि, अदालतले याचिका दर्ता गर्न निश्चित रूपमा अनुमति दिएको छ। विकास भवन क्षेत्रका एक स्थानीय बासिन्दाले यो निवेदन दायर गरेका थिए, जसमा जारी आन्दोलनका कारण सामान्य जीवन अवरुद्ध भइरहेको दाबी गरिएको थियो। निवेदकले पुलिसको निष्क्रियतामाथि पनि प्रश्न उठाए र यस विषयमा तत्काल सुनुवाइको लागि अदालतलाई आग्रह गरेका थिए । मामिलाको सुनुवाइ गर्नु हुदै न्यायाधीश सौमेन सेनले भन्नु भयो, हाल उच्च अदालतमा लगभग सात सय जनहित याचिकाहरू विचाराधीन छन्, जसमध्ये ८० प्रतिशतको सार्वजनिक हितसँग कुनै वास्तविक सम्बन्ध छैन। न्यायाधीशले धेरै मुद्दाहरू केवल प्रचारको लागि ल्याइएको बताउनु हुदै द्रुत सुनुवाइको आवश्यकता नभएको बताउनु भयो ।

**टङ्लु रेञ्ज-कार्यक्रम समापन**

दार्जीलिङ डिवीजन टङ्लु रेञ्ज बन विभागको आयोजनमा तीन दिवसीय कार्यक्रम समापन भएको छ। पहिलो दिनको कार्यक्रममा डी.एफ.ओ जनब शेख फरिदको आतिथ्यमा मजुवा ग्राम किराँत संघ भवन अनि डा.राधाकृष्णन उच्चतर माध्यमिक विद्यालयमा रक्तदान, स्वस्थ्य जाँच अनि थलेसीमिया रक्त जाँच शिविरको सफल आयोजनामा 130 भन्दा अधिकको रक्त जाँच गरियो भने 4 सय भन्दा धैरै स्थानीयहरूले लाभ उठाएको थियो। यसरी नै दोस्रो दिनको शिविरमा ए.डी.एफ.ओ सुभजीत देव नाथको विषेश उपस्थितिमा टङ्लु क्षेत्रमा पाइने महात्वपूर्ण जडिबुटी, गुराँसका प्रकारहरू, पुतली, चरा चुरूङ्गीहरू, सेलेमेण्डर अनि यहाँबाट देखिने हिमालका टाकुरा सम्बन्धि आदि विविध कार्यक्रम आयोजना गरिएको थियो। यस अवसरमा मानेभञ्ज्याङ क्षेत्रलाई प्लास्टिक मुक्त क्षेत्र बनाउने प्रकल्पमा एउटा र्यालीको आयोजना पनि गरियो । तेस्रो तथा अन्तिम दिन टङ्लु रेञ्जका आर.ओ दिगन्त मैतिको विशेष उपस्थितिमा पैदल यात्राको आयोजना गरियो।

**<u>सिंगेल- राहत सामग्री</u>**

अल इन्डिया विमेन्स कन्फरेन्सले सिंगेल चियाबारीको काफेबारी अग्निकाण्डका पीडितहरुलाई राहत सामाग्रीहरु प्रदान गरेका छन्। ए.आई.डब्लु.सी खरसाङ शाखाका महिलाहरुको एक टोलीले आज सिंगेल चियाबारीको काफेबारी, गोदामधुरामा गत 15 मईको दिन आगलागीको चपेटमा परेका पाँच परिवारसँग भेट गरेर राहत सामग्रहरु प्रदान गरेका छन्। यसक्रममा पीडितहरुलाई खाद्या सामग्रीहरू, महिलाको निम्ति लता कपडा, कम्बल आदि प्रदान गरेका छन्। उनीहरुले पीडितहरुको शान्ति अनि स्वास्थको निम्ति प्रार्थना पनि गरे।